# उच्च अदालत पाटन

## प्रेस विज्ञप्ति

मितिः २०७६/०२/२३

कोराना भाइरस (कोभिड-१९) को महामारीको कारण सम्मानित सर्वोच्च अदालत पूर्ण बैठकको मिति २०७६/१२/०७ एवं बन्दाबन्दीको आदेश जारी भएपछिका बिभिन्न मितिमा भएका पूर्ण बैठकको निर्णय बमोजिम यस अदालतका काम कारवाहीहरु सीमितरूपमा मात्र हुँदै आएको व्यहोरा विदितै छ।

यस अवधिमा यस अदालतको पूर्ण बैठक एवं उच्च अदालत वार एशोसियसन, उच्च सरकारी वकील कार्यालय र विशेष सरकारी वकील कार्यालय समेतसँग छलफल गरी भएको निर्णयानुसार पक्राउ पूर्जीको अनुमति र जरुरी पक्राउ पूर्जीको समर्थन, महामारीसँग सम्बन्धित गंम्भीर प्रकृतिका निवेदन, रकम तिरी कैदबाट छाड्न दिइने निवेदन र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ बमोजिम कैद वापतको रकम तिरी पाउँ भन्ने निवेदन तथा बालबालिकासँग सम्बन्धित निवेदन र बन्दीप्रत्यक्षीकरणका निवेदनका अतिरिक्त म्याद थप, अभियोगपत्र दर्ता, बयान, थुनछेक आदेश तथा नेपाल सरकारको तर्फबाट दायर हुन आएका पुनरावेदन दर्ता लगायतका काम कारवाहीहरु हुँदै आएको छ।

यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालत पूर्ण बैठकको मिति २०७७/०२/१५ को निर्णय तथा यस अघिका पूर्ण बैठकका निर्णयानुसार हाल भैरहेको काम कारवाहीमा थप गर्न सकिने काम कारवाही र सेवा प्रवाहका सम्बन्धमा संभाव्यता र उपयुक्तताको आधारमा प्राथमिकीकरण गरी सम्बन्धित अदालतबाट आवश्यक व्यवस्था मिलाउनु भन्ने मिति २०७७।२।१६ च.नं.१८९६ को पत्र प्राप्त भएकोले तदनुरुप थप काम कारवाही र सेवा प्रवाह गर्ने विषयमा मिति २०७७/०२/२१ मा उच्च अदालत बार एशोसियसन र सम्बन्धित सरकारी वकील कार्यालयका सह-न्यायाधिवक्ताहरुसँगको छलफल एवं यस अदालतको पूर्ण बैठकको निर्णय समेतको आधारमा मिति २०७७/०२/२५ गतेदेखि देहाय बमोजिमका थप काम कारवाही र सेवा प्रवाह गर्ने गरी व्यवस्था मिलाइएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

देहायः

१. बन्दाबन्दीको अवधिमा गरिदै आएको काम कारवाही यथावत रुपमा गर्ने।

२. न्याय सम्पादनको प्रक्रियामा अधिक समय नलाग्ने मिलापत्र, मुद्दा फिर्ता र तामेली लगायतका काम कारवाही गर्ने।

३. बन्दाबन्दीको समयमा मुद्दा फैसला हुन नसकी अभियोगपत्रमा दावी लिइएको सजायभन्दा बढी कैद अवधि थुनामा बसेको वा बस्न सक्ने अवस्थाका प्रतिवादीका हकमा प्रमाण बुझी अंग पुगिसकेको भए त्यस प्रकृतिको मुद्दाको सुनुवाई गर्ने।

४. मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ बमोजिमका निवेदनमा प्राप्त प्रतिवेदनको सुनुवाई गर्ने।

५. नेपाल सरकारको पुनरावेदन परी प्रत्यर्थी झिकाउने आदेश भै नसकेका एकतर्फि सुनुवाई गर्नुपर्ने फौजदारी मुद्दा र प्रतिवादीका नाउँमा म्याद तामेल भै बन्दाबन्दीको अवस्था शुरु हुनु अघि नै तोकिएको म्याद र थाम्ने थमाउने अवधि समेत भुक्तान भएका प्रतिवादी हाजिर नभै फरार रहेका सामान्य प्रकृतिका मुद्दाहरु सुनुवाई गर्ने।

६. कोरोना भाइरस संक्रमणको अवस्था, कानून व्यवसायी एवं सेवाग्राहीको उपस्थिति तथा व्यवस्थापकीय पक्षसमेतलाई मध्यनजर गरी उल्लिखित प्रकृति बाहेकका अन्य मुद्दाको सुनुवाई वा थप सेवा प्रवाह गर्न सकिने अवस्था भएमा वा माथि उल्लिखित मुद्दाहरुको सुनुवाई वा सेवा प्रवाह समेत स्थगन गर्नु पर्ने अवस्था आएमा सम्बन्धित सरकारी वकीलको कार्यालय र उच्च अदालत वार एशोसियसन लगायतका सरोकारवालाहरुसंग छलफल र समन्वय कायम गरी गर्दै जाने।

शम्भु प्रसाद रेग्मी
उपरजिष्ट्रार